# लुम्बिनी रोड रेसमा आर्मीका खेलाडी प्रथम

छवि पुरी, घोराही दाङ

दाङको घोराहीमा पहिलो पटक आयोजित १० किमी खुल्ला रोड रेस प्रतियोगितामा पुरुष/महिला दुवैतर्फ त्रिभुवन आर्मी क्लबका खेलाडी प्रथम भएका छन्।

प्रदेश खेलकुद परिषद् लुम्बिनीको आयोजनामा शनिवार भएको दौडमा पुरुषतर्फ सञ्जय श्रेष्ठ र महिलातर्फ निशा सार्की प्रथम भएका हुन्। श्रेष्ठले उक्त दुरी ३१ मिनेट ३० सेकेन्डमा र सार्कीले ३७ मिनेट ४० सेकेन्डमा पार गरेका थिए।

यस्तै, पुरुषतर्फ आर्मीकै नरेन्द्र रावतले ३१ मिनेट ३१ सेकेन्डमा दुरी पार गर्दै दोस्रो, नेपाल प्रहरीका नागेश्वर अहिरले ३१ मिनेट ४५ सेकेन्डमा दुरी पार गर्दै तेस्रो भए।

महिलातर्फ एपीएफकी पुष्पा भण्डारीले ३८ मिनेट १९ सेकेन्डमा दुरी पार गर्दै दोस्रो, एपीएफकै दिपा परियारले ३९ मिनेट २१ सेकेन्डमा दुरी पार गर्दै तेस्रो भए।

प्रथम हुने पुरुष महिला दुवैलाई जनही ५०-५० हजार रुपियाँ प्रदान गरियो। दोस्रो हुनेले जनही ३०-३० हजार तथा तेस्रो हुनेले जनही २०-२० हजार नगद प्राप्त गरेका छन्।


## ठेक्का सम्झौता अन्त्य गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रस्तुत विषयमा यस मन्त्रालयको ठेक्का नं. MoWSIE-KP/DoIE/Goods/081-82/NCB-08 (Electrification Works of MoWSIE Building, Biratnagar, Morang) को खरिद कार्यको लागि मिति २०८१/११/२९ गतेका दिन यस मन्त्रालय र आपूर्तीकर्ता/सप्लायर्स श्री Rudraksha Mandala Construction and Suppliers Company, Panauti 7, Kavre बिच भएको सम्झौता अनुसार तोकिएको अवधिभित्र कार्य सम्पन्न नगरेको हुँदा कार्य सम्पन्न गर्नका लागि पटक पटक लिखित तथा मौखिक निर्देशन मार्फत आग्रह गर्दा समेत कार्य सम्पन्न गर्ने तर्फ कुनै चासो नदेखाएको/प्रयास गरेको नदेखिएको र मन्त्रालयबाट पठाइएको लिखित पत्रको हालसम्म कुनै जवाफ नदिइएकोले सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ र खरिद सम्झौताको Section VI (General Conditions of Contract) को Clause No.34 (Termination) को Sub-Clause No.34.1 (Termination for Default) बमोजिम ठेक्का सम्झौता किन नतोड्ने? ठेक्का नतोड्नु पर्ने कुनै मनासिब कारण भएमा सात दिनभित्र स्पष्टिकरण सहित यस मन्त्रालयमा निर्माण व्यवसायी/सप्लायर्सको आधिकारिक प्रतिनिधि उपस्थित हुन सूचित गरिन्छ। अन्यथा यसै सूचनालाई अन्तिम ताकेता मानी ठेक्का सम्झौता रद्द गरी तत् पश्चात गरिने कानुनी कारबाही प्रकृया अगाडी बढाइने व्यहोरा समेत जानकारी गराईन्छ।

**खानेपानी, सिंचाइ तथा ऊर्जा मन्त्रालय,**
**कोशी प्रदेश, विराटनगर**